कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण

बैठक संख्या र मितिः २/०४/२०७८/०७९, मिति २०७९।०३।१६ गते

| प्रस्तावको विषय | प्रस्ताव नं. | अध्यक्ष ज्यूबाट स्वीकृत मिति |
|---|---|---|
| महिला स्वास्थ्य स्वयंसेविका र रमाइलो बहुमुखी क्याम्पसका छात्रालाई साइकल वितरण गर्ने। | १ | |
| गाउँ विपद् व्यवस्थापन समितिको मिति २०७९।०३।१५ गते बसेको बैठकले निर्णय गरी सिफारिस गरेको विषय जानकारी गराई तत्काल कार्यान्वयन प्रकृयामा लैजाने। | २ | |
| स्रोत मिलान सहित कानेपोखरीको पोखरी संरक्षण आयोजना फरफारक गर्ने। | ३ | |
| कार्यपालिकाबाट निर्णय भएका तर, स्रोतको व्यवस्थापन नभएका आयोजना तथा कार्यक्रमको फरफारक गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने। | ४ | |
| दमकलका कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउने। | ५ | |

(राजमती इङ्गनाम)
गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०७९।०३।१५ मा जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष　　१ नं. वडा अध्यक्ष　　२ नं. वडा अध्यक्ष　　३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष　　५ नं. वडा अध्यक्ष　　६ नं. वडा अध्यक्ष　　७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की　　साउनी माझी　　सुशिला श्रेष्ठ　　प्रमिला परियार　　झपटु राजबंशी　　सुफल मुर्मु

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०४/२०७८/०७९

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७८।७९ का लागि विनियोजित बार्षिक बजेटबाट खरिद गरी ल्याइएको ७० (सत्तरी) थान साइकलमध्ये २६ थान साइकल महिला स्वास्थ्य स्वयंसेविका र बाँकी ४४ थान साइकल श्री रमाइलो बहुमुखी क्याम्पसमा अध्ययनरत छात्रा (क्याम्पसबाट टाढा दुरीमा घर रहेका एवम् विपन्न) लाई उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै श्री रमाइलो बहुमुखी क्याम्पसबाट उल्लिखित मापदण्ड भित्रका जम्मा ५५ जना छात्राहरुको नामावली सहित साइकल उपलब्ध गराउन माग भई आएकोमा सम्बन्धित वडाका वडा अध्यक्षसँग समेत आवश्यक समन्वय गरी साइकल पाउने लाभग्राही छनोट गरी बाँकी ११ थान साइकल खरिद गरी छात्राहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयमा निर्देशन दिने र उक्त दुवै कार्यक्रम आज मिति २०७९।०३।१६ गते दिउँसो १.३० बजे श्री जनसेवा मावि, रमाइलोको प्राङ्गणमा आयोजना गर्न लागिएको ३ तले नमूना विद्यालय भवन शिलान्यास कार्यक्रमसँगै समावेश गरी सञ्चालन गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ३ मा व्यवस्था भएको गाउँ विपद् व्यवस्थापन समितिको मिति २०७९।०३।१५ गते दिउँसो ३.०० बजे बसेको बैठकले गरेको विभिन्न ४ वटा निर्णयका विषयमा यस बैठकमा जानकारी भयो। सो सम्बन्धमा समितिको उक्त ४ वटै निर्णयले गरेको निर्णय एवम् सिफारिसलाई अनुमोदन गर्दै देहाय बमोजिमको व्यवस्था तत्काल अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. सडक तथा अन्य सार्वजनिक स्थलमा बाढीले पुर्याएको क्षतिको वर्तमान अवस्थालाई विशेष परिस्थितिको रुपमा पहिचान गर्दै विभिन्न साइजका ह्युमपाइप खरिद तथा जडानका लागि बढीमा दश लाख रुपैंया बराबरको रकम प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्ने र, तीनदिन भित्र ह्युमपाइप खरिद गरी सडक आवागमनमा अवरोध रहेका स्थानमा जडान गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख. अहिले भइरहेको अत्याधिक वर्षातका कारण आएको बाढी एवम् डुबानले गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानका सार्वजनिक सडकहरु बगाएको एवम् अन्य सडकहरुमा परेका खाल्डाखुल्डीले एम्बुलेन्स लगायतका अत्याश्यक सवारीसाधनको आवागमनमा प्रतिकूल अवस्था सिर्जना हुँदै गएको र वर्षातको समय बाँकी नै रहेको अवस्था छ। बिग्रे/भत्केका सडकहरु तत्काल मर्मतसम्भार नगर्ने हो भने भोलिका दिनमा ठूलो धनराशी ती सडक मर्मत एवम् निर्माणमा खर्चिनु पर्ने हुन्छ भने वर्षातको समय आश्विनको सुरुआतसम्म रहन सक्छ। भोलिका दिनमा आउनसक्ने वर्षात एवम् बाढीले झन बढी सडकहरु बिग्रने र भत्कने क्रम हुन सक्छ। गाउँ विपद् व्यवस्थापन समिति समेतले यो अवस्थालाई विशेष परिस्थितिको रुपमा सिफारिस गरेको हुँदा विद्यमान अवस्थालाई विशेष परिस्थितिको रुपमा पहिचान गर्दै गाउँपालिका क्षेत्रभित्रका सडकहरु तत्काल मर्मतसम्भार गरी

सडक आवागमनमा सहजता ल्याउन एवम् सडकको सुरक्षा कायम गर्न प्रकोप व्यवस्थापन कोषबाट पचास लाख रुपैया बराबरको मिक्स गिट्टी/ग्राभेल खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १५५ ले गरेको व्यवस्था बमोजिम बढीमा ७ दिने सार्वजनिक सूचना जारी गरी इ-बिड मार्फत् खरिद प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ग. रमाइलो प्रहरी चौकी र नगर प्रहरीलाई विपदका समयमा प्रयोग हुने विपदजन्य सामाग्री खरिद गरी उपलब्ध गराउने।

घ. विपद व्यवस्थापनका लागि गाउँ विपद् व्यवस्थापन समितिले गरेको सिफारिसलाई कार्यान्वयनमा लैजान गाउँ कार्यपालिकाको कार्यालय र वडा समितिले तदारुकता देखाउने।

ङ. गाउँपालिका क्षेत्रभित्रका तत/तत वडा समितिको निर्णयले स्थान पहिचान गरी बाढी कटान रोकथामका लागि देहायको संख्यामा बाँस पाइलिङ र लच्चिङका योजना तत्काल सञ्चालन गर्नेः

<u>बाँस पाइलिङ तर्फः</u>

- १ नं. वडामा ४ स्थान,
- २ नं. वडामा ५ स्थान,
- ३ नं. वडामा ५ स्थान,
- ४ नं. वडामा ५ स्थान
- ५ नं. वडामा २ स्थान,
- ६ नं. वडामा ४ स्थान,
- ७ नं. वडामा २ स्थान र एक स्थानमा बाँसको पुल समेत तत्काल निर्माण गर्ने।

<u>बाँस लच्चिङ तर्फः</u>

- २ नं. वडामा बढीमा ३०० मीटर,
- ६ नं. वडामा बढीमा ३०० मीटर,
- ७ नं. वडामा बढीमा ३० मीटर।

पुनश्चः उपरोक्त बमोजिमका कार्यमा लाग्ने खर्च समेत प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्दै जाने निर्णय सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कानेपोखरीको पोखरी संरक्षण आयोजनाका लागि गाउँ कार्यपालिकाको निर्णयले उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको आयोजना र पोखरीको दक्षिण पश्चिम भागमा लगाइएको स्टिल रेलिङ निर्माण कार्यको भुक्तानी सशर्त अनुदान मार्फत् प्राप्त बजेटबाट खर्च लेखी विगतको गाउँ कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकमबाट आयोजना सञ्चालनका लागि गठन भएको उपभोक्ता समितिले हालसम्म गरेको कार्य प्रगतीका आधारमा रकम फरफारकको व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०४/२०७८/०७९

## निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको निर्णयले स्वीकृत भएका आयोजना/कार्यक्रम सम्झौतामा गएका र फरफारकका लागि कार्यालयमा आउने गरेका तर, सम्बन्धित खर्च शीर्षकमा बजेट अभाव भएको भनी प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा जानकारी हुन आएको हुँदा गाउँ सभा अधिवेशन एवम् गाउँ कार्यपालिकाको निर्णयले स्वीकृत भएका आयोजना तथा कार्यक्रमको फरफारक गर्न रकम नपूग हुने भएमा समपूरक कोष चालू र समपूरक कोष पुँजीगत तथा विविध कार्यक्रम शीर्षकबाट रकम फरफारक गर्ने एवम् अन्य सम्बन्धित खर्च शीर्षकको पहिचान गरेर भएपनि फरफारकका लागि पेश हुन आएका आयोजना तथा कार्यक्रमहरु अन्तिम फरफारकको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने र प्रमुख प्रशासकीय अधिकृतबाट विगतमा भएका सोही प्रकृतिका निर्णयलाई अनुमोदन समेत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा चिसाङखोलाको नदीजन्य पदार्थको अनुगमनका क्रममा खटिएका दमकलका कर्मचारी तथा नगर प्रहरीलाई गाउँ कार्यपालिकाको विगतको निर्णयले प्रोत्साहन रकम उपलब्ध गराउने भनी निर्णय भएकोमा प्रतिवेदन लिई सम्बन्धित खर्च शीर्षकको पहिचान गरी प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।